निश्चय नै यो संसार मधुर र रमणीय छ। अल्लाहले तिमीहरूलाई यस संसारमा उत्तराधिकारी बनाउनुभएको छ र उहाँले हेर्नुहुन्छ कि तिमीहरू के कसरी कर्म गर्छौ। तसर्थ, संसार (को मोह माया) बाट सचेत रहनु र महिलाहरूबाट पनि सचेत रहनु

अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "निश्चय नै यो संसार मधुर र रमणीय छ। अल्लाहले तिमीहरूलाई
यस संसारमा उत्तराधिकारी बनाउनुभएको छ र उहाँले हेर्नुहुन्छ कि तिमीहरू के कसरी
कर्म गर्छौ। तसर्थ, संसार (को मोह माया) बाट सचेत रहनु र महिलाहरूबाट पनि सचेत रहनु, किनकि बनु-इस्राइलको पहिलो विपत्ति (फित्ना,परीक्षा ) महिला प्रलोभन सँग सम्बन्धित थियो।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, संसार स्वादमा मीठो र हेर्नमा रमणीय छ, जसले गर्दा मानिसहरू यसमा मोहित भई धोकामा पर्छन् र यसलाई आफ्नो जीवनको प्रमुख लक्ष्य बनाउँछन् । अल्लाहले हामीलाई यस सांसारिक जीवनमा एकअर्काको उत्तराधिकारी बनाउनुभएको छ, ताकि उहाँले हाम्रा कर्महरू देख्न सकून्, के हामी उहाँको निर्देशन अनुसार जीवन बिताउँछौं वा उहाँका आज्ञाहरूको उल्लङ्घन गर्छौं? त्यसपछि उहाँले भन्नुभयो: यस संसारको सुखसुविधा र चमकबाट होशियार रहनुहोस् । किनभने यसले तपाईंलाई अल्लाहको आज्ञाहरू उल्लङ्घन गर्न र उहाँले निषेध गर्नुभएको कुरामा संलग्न हुन प्रलोभनमा पार्न सक्छ । संसारमा सबैभन्दा धेरै जोगिनै पर्ने फित्ना (प्रलोभन) हरू मध्ये एक महिलाको प्रलोभन हो । बनी इस्रायलको पहिलो फित्ना (प्रलोभन) महिलाहरूसँग सम्बन्धित थियो ।

http://sunnah.global/hadeeth/ne/show/3053